# राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८

## १. पृष्ठभूमि

नेपालको आर्थिक विकासमा पशुपन्छी क्षेत्रको महत्वपूर्ण भुमिका रहेको छ। कृषकहरुको सदियौं देखिको परम्परागत ज्ञान र अनुभवको सदुपयोग गर्दै पशुपन्छीपालनका आधुनिक प्रविधिहरुको समुचित उपयोगबाट स्वच्छ तथा गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उत्पादन गरी नेपाललाई आत्मनिर्भर बनाउने र खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याइ दिगो आर्थिक विकासका लक्ष्य हासिल गर्न टेवा पुग्ने देखिन्छ।

नेपालको संविधानमा कृषि तथा पशुपन्छी क्षेत्रको विकास कार्यलाई सङ्घ, प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने गरी एकल र साझा अधिकारको सूचीमा समावेश गरिएको छ। संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत कृषिको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने व्यवस्था रहेको छ।

पशुपन्छीहरुमा देखा पर्ने विभिन्न रोगका कारण तिनको उत्पादकत्वका साथै पशुपन्छीजन्य उत्पादनको स्वच्छता तथा गुणस्तरमा नकारात्मक असर पर्ने हुन्छ। यस्ता असरलाई न्यूनीकरण गर्न प्रभावकारी पशु स्वास्थ्य प्रणालीको विस्तार गर्नु आवश्यक छ। विश्व पशु स्वास्थ्य सङ्गठनले जारी गरेका मापदण्डहरुका आधारमा विश्व व्यापार सङ्गठनबाट पशु तथा पशुजन्य पदार्थको व्यापारमा नियमन हुने गरेको छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप पशुजन्य रोगको फैलावटको जोखिमलाई न्यून गरेमा नेपालका उत्पादनहरुको विश्वबजारमा निर्यातको सम्भावना बढ्ने देखिन्छ। तसर्थ पशुपन्छीका रोग नियन्त्रण तथा अन्य स्वास्थ्य चुनौतीहरुको सम्बोधन गर्दै पशु स्वास्थ्य क्षेत्रका समग्र पक्षलाई नीतिगत मार्गदर्शन गर्न तर्जुमा गरिएको राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ लाई सङ्घ, प्रदेश र स्थानीय तहहरुले आ-आफ्नो कार्य अधिकार क्षेत्रभित्र रही कार्यान्वयन गर्नेछन्।

## २. विगतका प्रयास

नेपालमा गौंगोटी रोग देखा परेसँगै वि.सं. १९९६ मा पहिलो पटक काठमाडौंमा भेटेरिनरी डिस्पेन्सरीको स्थापना भएको थियो। फैलिंदै गएको गौंगोटी रोगको संक्रमणलाई निवारण गर्ने उद्देश्य अनुरुप मुलुकभर पशु स्वास्थ्य सेवा सम्बन्धी कार्यालयहरु स्थापना गरी सेवाको पहुँच विस्तार गरिएको थियो। यस क्रममा पशु स्वास्थ्य सेवाको बढ्दो माग पुरा गर्न प्रत्येक जिल्लामा जिल्ला पशु सेवा कार्यालय, पाँच विकास क्षेत्रमा क्षेत्रीय प्रयोगशालाहरु, क्वारेण्टाइन कार्यालय तथा चेकपोष्टहरु, तालिम केन्द्र तथा ग्रामीणस्तरमा ९९९ पशु सेवा केन्द्र र पशुपन्छी सम्बन्धी अनुसन्धान कार्य गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको थियो। पशु स्वास्थ्य सेवाको विस्तार र दक्ष जनशक्ति व्यवस्थापन गरी पशुमा लाग्ने गौंगोटी र खुर कुहिने रोग (फुट रट) जस्ता महामारीको उन्मुलन गर्न नेपाल सफल भएको थियो।